केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक

## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि./नीति/परिपत्र/कखग/१५/०७३/७४ मिति: २०७३/११/१९

**इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरु,**

महाशय,

यस बैंकबाट "क", "ख" र "ग" वर्गका इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन २०७३ को विभिन्न इ.प्रा. निर्देशनहरुमा देहाय बमोजिमका संशोधन/परिमार्जन तथा नयाँ व्यवस्था थप गरिएको हुँदा सोही बमोजिम गर्नु गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ ।

१. इ.प्रा. निर्देशन नं. २/०७३ को बुँदा नं. १.१ को खण्ड (घ) पछि देहाय बमोजमको खण्ड (ङ) थप गरिएको छ ।

*(ङ) यस इ.प्रा. निर्देशनको बुँदा नं. ३३ बमोजिम सह-वित्तीयकरण कर्जामा परिणत नभएका बहुबैंकिङ्ग कर्जाहरु ।*

२. इ.प्रा. निर्देशन नं. २/०७३ को बुँदा नं. ३ को पहिलो हरफ ***"भाखा नाघेको वा ननाघेको कुनै पनि कर्जामा देहायको कुनै कैफियत देखिएमा त्यस्तो कर्जा तथा सापटलाई खराब कर्जामा वर्गीकरण गर्नु पर्नेछ"*** भन्ने वाक्यांश पछि ***"र त्यस्तो कर्जा असुलीको प्रकृया तत्काल अगाडि बढाउनु पर्नेछ ।"*** भन्ने वाक्यांश थप गरि खण्ड (ठ) पछि देहाय बमोजिमको खण्ड (ड) थप गरिएको छ ।

*(ड) ऋणीले एउटै मिति वा अवधिको अलग अलग वित्तीय विवरण पेश गरेको अवस्थामा ।*

३. इ.प्रा. निर्देशन नं.२/०७३ को बुँदा नं. २१ मा रहेको व्यवस्थापछि देहाय बमोजिमको वाक्यांश थप गरिएको छ ।

*"तर, २०७४ असार मसान्तसम्मका लागि यस्तो अवधि १५० दिन कायम गरिएको छ ।"*

४. इ.प्रा. निर्देशन नं. २/०७३ को बुँदा नं. २३ को व्यवस्थामा उल्लेखित ***"बैंक तथा वित्तीय संस्थाहरुले जुनसुकै धितो लिई Overdraft लगायतका Revolving प्रकृतिका व्यक्तिगत कर्जाहरु प्रवाह गर्दा रु. १ करोडसम्म मात्र प्रवाह गर्न सक्ने छन् । तर यो निर्देशन जारी हुनु अघि सीमा भन्दा बढी प्रवाह भएका त्यस्ता कर्जाहरु २०७१ असार मसान्तसम्मका लागि नवीकरण गर्न यो व्यवस्थाले बाधा पुऱ्याएको मानिने छैन ।"*** वाक्यांशको सट्टामा देहाय बमोजिमको वाक्यांश राखिएको छ ।

***बैंक तथा वित्तीय संस्थाहरुले Overdraft लगायतका Revolving प्रकृतिका व्यक्तिगत कर्जाहरु प्रवाह गर्दा रु. ७५ लाखसम्म मात्र प्रवाह गर्न सक्ने छन् । यो निर्देशन जारी हुनु अघि प्रवाहित त्यस्ता कर्जाको हकमा २०७४ असार मसान्तभित्र उक्त सीमामा ल्याईसक्नु पर्नेछ ।***

५. इ.प्रा. निर्देशन नं.२/०७३ को बुँदा नं. ३३ को व्यवस्थालाई देहाय बमोजिम संशोधन गरिएको छ ।

*इजाजतपत्रप्राप्त संस्थाले रु.१ अर्ब वा सो भन्दा बढी रकमको बहु-बैंकिङ्ग कर्जा उपभोग गर्ने/गरिरहेका ऋणीहरुको कर्जा सहवित्तीयकरण कर्जामा परिणत गर्नु पर्नेछ । यस व्यवस्था बमोजिम*

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक

## बैंक तथा वित्तीय संस्था नियमन विभाग

*सहवित्तीयकरण कर्जामा परिणत नभएका बहुबैंकिङ्ग कर्जालाई २०७४ असार मसान्तदेखि सुक्ष्म निगरानी वर्गमा वर्गीकरण गरी सोही बमोजिमको कर्जा नोक्सानी व्यवस्था गर्नु पर्नेछ ।*

६. इ.प्रा. निर्देशन नं. ३/०७३ को बुँदा नं. १० को उपबुँदा नं. (६) पछि देहाय बमोजिमको उपबुँदा नं. (७) थप गरिएको छ ।

*(७) निजी प्रयोजनका सवारी साधन कर्जा सम्बन्धी व्यवस्था :*

*इजाजतपत्रप्राप्त संस्थाले प्राकृतिक व्यक्तिलाई व्यक्तिगत प्रयोजनका लागि सवारी साधन खरिद गर्न कर्जा प्रवाह गर्दा सो सवारी साधनको मूल्यको अधिकतम ५० प्रतिशतसम्म मात्र गर्नु पर्नेछ । तर सार्वजनिक यातायात, निर्माण कार्य एवम् पर्यटन, शिक्षा, स्वास्थ्य र ढुवानी जस्ता सेवाका लागि प्रयोग हुने सवारी साधनको हकमा यो सीमा लागू हुने छैन ।*

७. इ.प्रा. निर्देशन नं. ५/०७३ को बुँदा नं. २ को उपबुँदा नं. ५ को खण्ड (ग) पछि बमोजिमको खण्ड (घ) थप गरिएको छ ।

*"(घ) इजाजतपत्रप्राप्त संस्थाहरुबाट निम्नानुसारको क्षेत्रमा प्रवाहित कर्जा तथा सापट रकमको बढीमा ५० प्रतिशतसम्मको रकमलाई २०७४ असार मसान्तसम्मको अवधिका लागि मात्र यस व्यवस्था अन्तर्गतको अनुपात कायम गर्ने प्रयोजनको लागि कर्जा तथा सापटबाट घटाउन सकिनेछ ।*

*(१) विपन्न वर्गमा प्रत्यक्ष रुपमा प्रवाहित २ प्रतिशतसम्मको कर्जा ।*

*(२) "युवाहरुलाई व्यावसायिक कृषि कर्जामा प्रदान गरिने ब्याज अनुदान सम्बन्धी कार्यविधि, २०७१" बमोजिम प्रवाहित थप कर्जा (उत्पादनशील क्षेत्र तर्फ दोहोरो नपर्ने गरी), र*

*(३) उत्पादनशील (कृषि, उर्जा, पर्यटन र घरेलु तथा साना उद्यम) क्षेत्रतर्फ प्रवाहित कर्जा ।"*

८. इ.प्रा. निर्देशन नं. १५/०७३ को बुँदा नं. ५ को खण्ड (ख) मा रहेको ***"संस्थागत निक्षेपको"*** भन्ने शब्दहरुको सट्टा ***"संस्थागत मुद्दती निक्षेपको"*** भन्ने शब्दहरु राखिएको र बुँदा नं. ५ पछि देहाय बमोजिमको बुँदा नं. ५क थप गरिएको छ ।

*"५क. इजाजतपत्रप्राप्त संस्थाले अब उप्रान्त खोलिने माग तथा अल्प सूचनामा आधारित निक्षेप (Call Deposit) को ब्याजदर साधारण बचत खातामा प्रदान गरिने भन्दा बढी नहुने गरी तय गर्नु पर्नेछ । हाल कायम रहेका माग तथा अल्प सूचनामा आधारित निक्षेप (Call Deposit) को हकमा २०७३ चैत्रमसान्तभित्र यस निर्देशन बमोजिम नियमित गरिसक्नु पर्नेछ ।"*

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

९. इ.प्रा. निर्देशन नं. १७/०७३ को बुँदा नं. १ मा रहेको ***"यसरी प्रत्यक्ष रुपमा कर्जा प्रवाह गर्दा २०७३ असोज मसान्तसम्ममा १.२५ प्रतिशत, पुस मसान्तसम्ममा १.५ प्रतिशत, चैत मसान्तसम्ममा १.७५ र २०७४ असार मसान्तसम्ममा २ प्रतिशत पुग्ने गरी कर्जा प्रवाह गर्नु पर्नेछ ।"*** भन्ने वाक्यांशको सट्टामा ***"यसरी प्रत्यक्ष रुपमा कर्जा प्रवाह गर्दा २०७५ असार मसान्तसम्ममा २ प्रतिशत पुग्ने गरी कर्जा प्रवाह गर्नु पर्नेछ ।"*** र सोही बुँदाको दोस्रो हरफमा रहेको ***"अन्धा, बहिरा, शारिरीक रुपले अपाङ्ग"*** भन्ने शब्दहरुको सट्टामा ***"फरक ढंगले सक्षम व्यक्ति"*** भन्ने शब्दहरु राखिएको छ ।

१०. इ.प्रा. निर्देशन नं. १७/०७३ को बुँदा नं. ३ को खण्ड (थ) पछि देहाय बमोजिमको खण्ड (द) थप गरिएको छ ।

*"(द) साना तथा लघु व्यवसायहरुलाई चल/अचल सम्पत्ति धितो लिई वा उद्यम/परियोजना धितो लिई प्रवाहित रु. १० लाखसम्मको कर्जा ।"*

भवदीय,

(नारायणप्रसाद पौडेल)
कार्यकारी निर्देशक

**बोधार्थ :**
(१) श्री नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय ।
(२) श्री नेपाल राष्ट्र बैंक, डेपुटी गभर्नरको कार्यालय ।
(३) श्री नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन महाशाखा, सिंहदरबार, काठमाण्डौ ।
(४) श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
(५) श्री नेपाल राष्ट्र बैंक, विकास बैंक सुपरिवेक्षण विभाग ।
(६) श्री नेपाल राष्ट्र बैंक, वित्त कम्पनी सुपरिवेक्षण विभाग ।
(७) श्री नेपाल राष्ट्र बैंक, लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभाग ।
(८) श्री नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग ।
(९) श्री नेपाल राष्ट्र बैंक, अनुसन्धान विभाग ।
(१०) श्री नेपाल राष्ट्र बैंक, कानुन महाशाखा ।
(११) श्री नेपाल बैंकर्स संघ, सेन्ट्रल बिजनेश पार्क, थापाथली, काठमाण्डौ ।
(१२) श्री डेभलपमेण्ट बैंकर्स एसोसिएसन, अनामनगर, काठमाण्डौ ।
(१३) श्री नेपाल वित्तीय संस्था संघ, तिनकुने, काठमाण्डौ ।
(१४) श्री कर्जा सुचना केन्द्र, हेरिटेजप्लाजा, काठमाण्डौ ।